## बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिम्सा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

## विनियोजन ऐन, २०८३

**गाउँ सभाबाट स्वीकृत मिति २०८३ साल असार २७**

ऐन न. : २

गाउँ सभामा पेश मिति : २०८३।०३।१०

गाउँ सभामाबाट पारित मिति : २०८३।०३।२७

# बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८३

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरूको लागी स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः**

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम बारेकोट गाउँपालिकाले यो ऐन तयार गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन बारेकोट गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**आर्थिक बर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि मा उल्लेखित चालु (१) खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरि जम्मा रु. ६१०२७८८६६.७३ **(एक्सठ्ठी करोड दुई लाख अठत्तर हजार आठ सय छैसठ्ठि रुपैया त्रिहत्तर पैसा)** मा नबडाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

२. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०८३/०८४ को निमित्त बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले सेवा र कार्यहरुको लागी बिनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५%(पच्चिस) प्रतिशत मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र बित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ % (पच्चीस प्रतिशत) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम २५% सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ। (४) विविध :१ आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्स) सम्वन्धमा तोकिए बमोजिम गर्ने।

वीरबहादुर गिरी
अध्यक्ष

(५) आर्थिक वर्ष २०८२/०८३ को असार मसान्त सम्म निरन्तर रुपमा कार्य गरी कार्यसम्पादन स्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि गाउँपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण बमोजिम तालुक निकायले जारिगरेका परिपत्र, श्रम सम्वन्धी कानून र गाउँपालिकाको आर्थिक स्रोत समेतको आधारमा साविकको सेवा शर्त र सुविधामा कार्यपालिकाले थप गर्न सक्नेछ। करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०८३ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादन स्तर मापन गर्नुपर्नेछ। कार्यबोझ र कर्मचारीले पुरा गरेको जिम्मेवारीको स्तर हेरेर गाउँ कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ। गाउँ कार्यपालिकाले कर्मचारीको कार्यसम्पादन स्तर, सेवाको प्रकृति र कार्यालयको कार्यबोझ समेतलाई विश्लेशन गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समूहमा काम गर्ने गरि जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्त गर्न सक्ने छ।

अनुसुचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम र श्रोतगत

आय विवरण (क)

| क्र.सं | विवरण | आन्तरिक आय | राजश्व बाँडफाँड | वित्तिय समानीकरण | ससर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ० | १२२९४३००० | १००१००००० | २१२०००००० | १००००००० | १७७००००० | ४६२७४३००० |
| २ | प्रदेश सरकार | ० | १८०६२४६.४० | ११००७००० | १८८५२००० | ९०००००० | ० | ४०६६५२४६.४ |
| ३ | बैंक मौज्दात अल्या | ० | ० | ० | ० | ० | ० | ४००००००० |
| ३ | बारेकोट गाउँपालिका | ३७२०००० | | | | | | ३७२०००० |
| ४ | दातृ निकाय/ संध संस्था | ० | ० | ० | ० | ० | ० | ६३१५०६२०.३३ |
| | जम्मा | | | | | | | ६१०२७८८६६.७३ |

वीरबहादुर गिरी
अध्यक्ष

## आय र व्यय विवरण (ख)

### आर्थिक वर्ष २०८३।८४ को लागि आय र व्ययको विवरण

| क.सं. | आम्दानी (रु.) | | खर्च (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | ६१०२७८८६६.७३ | | ६१०२७८८६६.७३ | | | |
| १ | आम्दानी तर्फ | | चालु खर्च तर्फ | | | |
| १.१ | संघीय समानिकरण | १००१००००० | चालु खर्च | ३१२१३७००० | ५७.०५% | |
| १.२ | संघ राजस्व बाँडफाँड | १२२९४३००० | पूँजीगत खर्च | २३४९९१२४६.४० | ४२.९५% | |
| १.३ | प्रदेश समानिकरण | ११००७००० | जम्मा | ५४७१२८२४६.४० | १००% | |
| १.४ | प्रदेश राजस्व बाँडफाँड | १८०६२४६.४० | | | | |
| १.५ | आन्तरिक राजश्व | ३७२०००० | क्षेत्रगत व्यय (गाउँपालिका तर्फ) | | | |
| १.६ | अल्या तथा बाँकी समेत | ४००००००० | | | | |
| | जम्मा | २७९५७६२४६.४० | आर्थिक विकास क्षेत्र | १५२००००० | ८.०५% | |
| | | | सामाजिक विकास क्षेत्र | ८९६८५००० | ४७.५०% | |
| | | | पूर्वाधार विकास | ७२१०६२४६.४० | ३८.१९% | |
| | | | सार्वजनिक सेवा प्रवाह र सुशासन | ८८००००० | ४.६६% | |
| | | | वन, वातावरण तथा विपद व्यवस्थापन | ३०००००० | १.५९% | |
| | | | विषयगत समिति जम्मा | १८८७९१२४६.४० | १००% | |
| | | | कार्यालय सञ्चालन /प्रशासनिक | ९०७८५००० | | |
| | | | कुल जम्मा | २७९५७६२४६.४० | | |
| २.१ | संघीय ससर्त अनुदान | २१२०००००० | संघीय ससर्त अनुदान | २१२०००००० | | |
| २.२ | संघीय समपूरक अनुदान | १७७००००० | संघीय समपूरक अनुदान | १७७००००० | | |
| २.३ | संघीय विशेष अनुदान | १००००००० | संघीय विशेष अनुदान | १००००००० | | |
| २.४ | प्रदेश विशेष अनुदान | ९०००००० | प्रदेश विशेष अनुदान | ९०००००० | | |
| २.५ | प्रदेश ससर्त अनुदान | १८८५२००० | प्रदेश ससर्त अनुदान | १८८५२००० | | |
| २.६ | प्रदेश समपूरक | ० | प्रदेश समपूरक अनुदान | ० | | |
| | संघ र प्रदेश जम्मा | २६७५५२००० | संघ र प्रदेश जम्मा | २६७५५२००० | | |
| २.७ | साझेदार संघसंस्थाहरु | ६३१५०६२०.३३ | साझेदार संघसंस्थाहरु | ६३१५०६२०.३३ | | |
| | जम्मा | ६३१५०६२०.३३ | जम्मा | ६३१५०६२०.३३ | | |
| | जम्मा आम्दानी | ६१०२७८८६६.७३ | जम्मा खर्च | ६१०२७८८६६.७३ | | |

कर्णाली प्रदेश गाउँ सभा र नगर सभाको कानून निर्माण सम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०८३/०८४ को बारेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८३ सभा अध्यक्ष श्री वीर बहादुर गिरीबाट प्रमाणिकरण गरिएको छ।

वीर बहादुर गिरी
अध्यक्ष

प्रमाणिकरण गर्ने:

नामः वीर बहादुर गिरी

पदः सभा अध्यक्ष

मितिः २०८३।०३।२७

पृष्ठ संख्याः ०४